आज मिति २०७९ साल श्रावण २४ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा आ.व. २०७९/८० को दोस्रो बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिबाकर पौडेल | सदस्य सचिव | |

ब उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | नरेन्द्र राज घिमिरे | आर्थिक प्रशासन शाखा प्रमुख | |
| २ | रविराम पौडेल | योजना शाखा प्रमुख | |
| ३ | सुजन मिश्र | सूचना प्रविधि अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०७९/०४/२४ गते बसेको आ.व २०७९/८० को दोस्रो बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७९/०४/०७ गते बसेको पहिलो बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १५ वटा निर्णयहरु भएकोमा १२ वटा निर्णयहरु कार्यान्वयन भएको र ३ वटा निर्णय कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं २**

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम योजना कार्यन्वयन गर्दा सुचिकृत बेरोजगारको एकमुष्ट प्राथमिकिकरण वा सम्बन्धित वडागत प्राथमिकीकरणमा परेका सुचिकृत बेरोजगारहरुलाई परिचालन गरी सोहि वडाको योजना कार्यान्वयन गर्ने ।

**निर्णय नं ३**

आर्थिक वर्ष २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयन गर्न निम्नानुसार आयोजना बैंकबाट प्राथमिकताको आधारमा योजना छनौट गरी कार्यन्वयन गर्दै जाने ।

**आयोजना बैंकको बिवरण**

| सि. न. | योजनाको नाम | वडा न. | योजना संचालन हुने स्थान/गाउँ | योजनाको प्रकृति ( नयाँ निर्माण वा मर्मत सम्भार | कैफियत |
|---|---|---|---|---|---|
| १ | लेखपानी देखि विजयपुर हुँदै भागीरथी भन्ज्याङसम्म कच्ची नालि निर्माण | १ | लेखपानी, विजयपुर, भागीरथी | नयाँ निर्माण | |
| २ | जुगेपानी पोखरी तथा तिजको चौतारो | १ | जुगेपानी | मर्मत सम्भार | |
| ३ | मिश्र गाउँ हुँदै अधिकारी गाउँसम्म गोरेटो बाटो | १ | मिश्र गाउँ, अधिकारी गाउँ | नयाँ निर्माण | |
| ४ | देउराली मन्दिरदेखि शान्ति मा.बि.सम्म सिडी | १ | देउराली | मर्मत सम्भार | |
| ५ | देबिस्थान मन्दिर जाने सिंडी निर्माण | २ | देबिस्थान, देउराली | नयाँ निर्माण | |
| ६ | देउराली प्रतिक्षालयबाट कोसे धारासम्म सिंडी बाटो | २ | देउराली, कोसेधारा | मर्मत सम्भार | |
| ७ | देउरालीबाट बेलनघारीसम्म सिंडी बाटो | २ | देउराली, बेलनघारी | मर्मत सम्भार | |
| ८ | लामीखेत फोहर व्यवस्थापन योजना | ३ | लामीखेत | नयाँ निर्माण | |

| सि. न. | योजनाको नाम | वडा न. | योजना संचालन हुने स्थान / गाउँ | योजनाको प्रकृति ( नयाँ निर्माण वा मर्मत सम्भार | कैफियत |
|---|---|---|---|---|---|
| ९ | मनकामना पाणिनी सडक नाला | ३ | पाणिनी | नयाँ निर्माण | |
| १० | बेशी बगैंचा कम्पाउण्ड | ३ | लामीखेत | मर्मत सम्भार | |
| ११ | आन्तरीक सडक स्तर उन्नती | ३ | वडा नं. ३ | मर्मत सम्भार | |
| १२ | पिरिन्तेबेशी ओख्लेपानी सडक नाला | ३ | पिरिन्तेबेशी | मर्मत सम्भार | |
| १३ | साहु पधेरा जाने गोरेटो बाटो | ३ | वडा नं. ३ | नयाँ निर्माण | |
| १४ | देवतापानी पधेरा | ३ | देवतापानी | मर्मत सम्भार | |
| १५ | देउराली देखी बुढी चौतारा आरवा गोरेटो बाटो | ३ | देउराली, बुढी चौतारा, आरवा | नयाँ निर्माण | |
| १६ | सुनार गाउँ-खजेगाउ-च्याटपाटा -स्वाँरा बाटो | ३ | सुनारगाउँ, खजेगाउ, च्याटपाटा | मर्मत सम्भार | |
| १७ | कटरेधारा देखि सिम्ले चौतारा सिँडी | ४ | सिम्ले | मर्मत सम्भार | |
| १८ | नयाँवस्ती पारीचौर गोरेटो बाटो | ४ | नयाँवस्ती | मर्मत सम्भार | |
| १९ | पुरानोडिही गाउँफर्क मुख्य सडकसम्म सिडी | ४ | पुरानोडिही | मर्मत सम्भार | |
| २० | देबीथान देखी देउकुनासम्म सिडी | ४ | देबीथान, देउकुना | मर्मत सम्भार | |
| २१ | कालिका मन्दिर देखि बिद्यालयसम्म सिडी | ४ | वडा नं. ४ | मर्मत सम्भार | |
| २२ | कट्वाल चौतारा देखी वडा कार्यालयसम्म सिडी बाटो | ४ | वडा नं. ४ | मर्मत सम्भार | |
| २३ | मुडे चौताराबाट खुम्रुक हुँदै चालिसे गोरेटो बाटो | ४ | खुम्रुक, चालिसे | मर्मत सम्भार | |
| २४ | ढाँडस्वाँरा सिंढी | ५ | थाक्ले घुमाउने | नयाँ निर्माण | |
| २५ | खहरे देखि बेलौती चौतारा सिंढी | ५ | खहरे | नयाँ निर्माण | |
| २६ | किरिन्चे कुलो सरसफाई | ५ | थाक्ले | मर्मत सम्भार | |
| २७ | साली मर्च्याङ -क्याम्पस गेट नाला सरसफाई | ६ | क्याम्पसगेट- सालीमर्च्याङ खोला | मर्मत सम्भार | |
| २८ | मस्जीद माथी कच्चि गोरेटो बाटो | ६ | मिलनचोक | नयाँ निर्माण | |

| सि. न. | योजनाको नाम | वडा नं | योजना संचालन हुने स्थान/गाउँ | योजनाको प्रकृति ( नयाँ निर्माण वा मर्मत सम्भार | कैफियत |
|---|---|---|---|---|---|
| २९ | चिजा तामाङको घर नेरको मोटरबाटोबाट पानी ट्याङ्की सम्म जाने गोरेटो बाटो | ६ | ऐसेलुचौर | नयाँ निर्माण | |
| ३० | कुमाल खोला बाङ्गेपिपल जाने गोरेटो बाटो | ६ | पुरोनोडीही | नयाँ निर्माण | |
| ३१ | ऐसेलुचौर कामी गाउँ ठाडो बाटो सिंढी | ६ | ऐसेलुचौर | मर्मत सम्भार | |
| ३२ | रुम्टी मुहान मोहोरीया टोल जाने गोरेटो बाटो | ६ | लक्ष्मी नारायण टोल | नयाँ निर्माण | |
| ३३ | आदर्श बाल मा.बि.- रमाइलो डाँडा अधुरो गोरेटो बाटो | ६ | बरेटार टोल | नयाँ निर्माण | |
| ३४ | करङ्गे खोला तटबन्धन | ६ | ठाँटीचौर | नयाँ निर्माण | |
| ३५ | मिलन वालविकास केन्द्र भवन कम्पाउण्ड | ६ | मिलन चोक | नयाँ निर्माण | |
| ३५ | ठाडो खोला तटबन्धन | ६ | ठाटीचौर | नयाँ निर्माण | |
| ३६ | मजुवा, सहकाले, पाखाटार कच्ची नाला | ७ | मजुवा, सहकाले, पाखाटार | मर्मत सम्भार | |
| ३७ | वडाभित्रका सिंचाई कुलोहरु | ७ | वडा नं. ७ | मर्मत सम्भार | |
| ३८ | वडाभित्रका खानेपानी मुल तथा कुवाहरु | ७ | वडा नं. ७ | मर्मत सम्भार | |
| ३९ | वडाभित्र बिश्रामस्थल तथा चौतारा | ७ | वडा नं. ७ | नयाँ निर्माण | |
| ४० | छत्रेपुल-डिलको चौतारा सिंडी | ७ | मजुवा | मर्मत सम्भार | |
| ४१ | तार्कुकोट दरबार तथा चण्डीस्थान मन्दिर सुधार योजना | ८ | तार्कुकोट | मर्मत सम्भार | |
| ४२ | अकला मन्दिर मर्मत तथा स्तरोन्नती | ८ | अकला टोल | मर्मत सम्भार | |
| ४३ | जिमित्री मरनघाट जाने सिडि बाटो | ८ | डुडकुला | मर्मत सम्भार | |
| ४४ | बलिथुम चौतारा | ८ | बलिथुम | मर्मत सम्भार | |
| ४५ | कानेश्वरा कामीडाँडा गुम्वा सिढि | १० | कानेश्वारा | मर्मत सम्भार | |
| ४६ | विष्टगाँउ शिशु स्याहार सिंढि | १० | धुसेनी | नयाँ निर्माण | |
| ४७ | ट्रान्सफर्मर साउनेपानी गल्ली सिंढि | १० | चौडाँडा | नयाँ निर्माण | |

| सि. न. | योजनाको नाम | वडा नं. | योजना संचालन हुने स्थान/गाउँ | योजनाको प्रकृति ( नयाँ निर्माण वा मर्मत सम्भार | कैफियत |
|---|---|---|---|---|---|
| ४८ | कर्तपुर गैरीखोरिया सिढि | १० | कोईरालाफाँट | नयाँ निर्माण | |
| ४९ | भिरपानी पधेरा | ११ | भीरपानी | मर्मत सम्भार | |
| ५० | साउनेपानी उकालोबाटो सिंढि | ११ | साउनेपानी | नयाँ निर्माण | |
| ५१ | मैदान देखि जैथुन्का गल्ली सिंढि | ११ | तुर्लुङ | मर्मत सम्भार | |
| ५२ | सुवास पसल देखि सरस्वती सदन मा.बि सिंढि | ११ | ठुलोश्वाँरा | नयाँ निर्माण | |

**निर्णय नं ४**

भू उपयोग नियमावली, २०७९ को अनुसूची १ बमोजिम सुन्दरबजार नगरपालिका क्षेत्र भित्रका जग्गा वर्गीकरण गर्नुपर्ने व्यवस्था अनुरुप भू उपयोग नियमावली, २०७९ नियम ५ को उपनियम ७ बमोजिम कृषि क्षेत्र र गैर कृषि क्षेत्रमा बर्गीकरण गर्नका लागि वडा समितिको निर्णय सहित मिति २०७९ कार्तिक १ गते भित्र पेश गर्न वडा कार्यालयहरुमा पत्राचार गर्ने ।

**निर्णय नं ५**

सुन्दरबजार नगरपालिका क्षेत्र भित्र निर्माण भएका स्थानीय सडकहरुको मापदण्ड निर्धारण गर्नुपर्ने भएको हुँदा सम्बन्धित वडामा रहेका सडकको नामाकरण र सडकको अधिकार क्षेत्र (Right of Way) कम्तिमा ६ मि. मापदण्ड कायम गरी वडा समितिको निर्णय सहित मिति २०७९ आश्विन १५ गते भित्र पेश गर्न वडा कार्यालयहरुमा पत्राचार गर्ने ।

**निर्णय नं ६**

डुम्रे-बेशिसहर-मनाङ सहायक राजमार्ग सडक खण्ड अन्तर्गत सु.न.पा ७ मा रहेको अन्नपूर्ण मन्दिर देखी मातृभुमी चोक सम्म करिव १.५ कि.मी सडकको ट्र्याक निर्माण कार्य सम्पन्न भई संचालनमा रहेको । हाल पुष्पलाल मध्यपहाडी लोकमार्ग अन्तर्गत लमजुङ जिल्लामा ठेक्का नं MIDHLPD/337011144/-078/70-303 widening and improvement of puspalal (midhill) highway along paudidhik-sundarbazar-kirinche-road section lamjung मिति २०७८/१२/२९ मा सम्झौता भई सडक निर्माणको कार्य सुचारु भएको । तर उक्त सडक खण्ड मध्ये पाँउदीदेखि सुन्दरबजार लमजुङ कृषि क्याम्पस गेट सम्मको भूगोल भिरालो साथै बाढी पहिरोको उच्च जोखिम क्षेत्र रहेको । अन्नपूर्ण मन्दिर-मातृभूमि सडक, डुम्रे-बेशिसहर-मनाङ सहायक राजमार्ग र पुष्पलाल मध्यपहाडी लोकमार्गको सुन्दरबजार खण्ड जोड्ने मार्ग रहेको । उक्त सडक निर्माणबाट करीब ५०० घरधुरी लाभान्वित हुने, दूरीका हिसाबले छोटो, भौगोलिक दृष्टिकोणले सुगम साथै निर्माणाधिन पुष्पलाल मध्यपहाडी लोकमार्ग र डुम्रे-बेशिसहर-मनाङ सहायक राजमार्गको

वैकल्पिक मार्गको रुपमा पनि प्रयोग गर्न सकिने भएकोले सो सडक स्तरोन्नतिको लागि भौतिक योजना तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाण्डौंलाई अनुरोध गर्ने ।

**निर्णय नं ७**

हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको साबिक सुन्दरबजार स्वास्थ्य उपचौकी हाल स्तरोन्नती भई सुन्दरबजार अस्पतालको रुपमा सेवा प्रदान गर्दै आइरहेको ।

मिति २०७७/१०/१२ गते बसेको ९३ औं नगर कार्यपालिका बैठकको निर्णय नं ५० अनुसार "लमजुङ जिल्लाको जिल्ला अस्पतालको रुपमा संचालन हुदै आएको, जिल्ला स्वास्थ्य कार्यालय लमजुङको प.सं ०७२/०७३ च.नं ८३९ मिति २०७२/१०/२८ गतेको पत्र अनुसार स्वास्थ्य चौकीबाट १५ शैयाको अस्पतालमा स्तरोन्नति भएको सुन्दरबजार अस्पतालको स्वामित्वमा ३-०-०-० मात्रै जमीन रहेको छ । उक्त सीमित जमीनमा अस्पतालका लागि अत्यावश्यक सेवा उपलब्ध गराउन आधारभूत संरचना निर्माण तथा स्थापनाका लागि जमीन अपुग छ । जसका कारण अस्पतालको आधारभूत संरचना निर्माण स्थापना र सेवा विस्तारका लागि जग्गा प्राप्त गर्नु अत्यावश्यक देखिन्छ । अस्पतालका लागि जग्गा प्राप्ति गर्न प्रचलित कानुनहरुको परिधिमा रही अस्पताल देखि अन्दाजी २०० मिटर दूरीमा एक आपसमा जोडिएको सार्वजनिक गौचरन कि.नं ५५ बाट ७-१-१-०,कि.नं ७४ बाट ५-१४-१-२ र कि.नं २४१ बाट २५-०-०-० गरी जम्मा ३७-१५-२-२ क्षेत्रफल रहेको जग्गाहरु अस्पतालको नाममा दर्ता कायम गर्ने प्रयोजनका लागि जिल्ला स्तरीय सरकारी तथा सार्वजनिक जग्गा संरक्षण समिति समक्ष सिफारिस गर्ने निर्णय भएको" ।

मिति २०७७।१२।१३ गते बसेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी माापदण्ड २०७७ को दफा ६ बमोजिमको सिफारिस समितिको बैठकको निर्णय नं १ अनुसार अस्पताल भवन निर्माणका लागि ३७-१५-२-२ रोपनी जग्गा माग गरिएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका(पहिलो संसोधन)२०७७ को दफा २ अनुसार १५ शैयाको प्राथमिक अस्पताल निर्माणको लागि ७-२-०-० रोपनी जग्गा भए पनी पुग्ने देखिएको ।

मध्यपहाडी राजमार्ग र डुम्रे-बेशिसहर-मनाङ सहायक राजमार्गमा पर्ने उक्त अस्पतालको स्तरवृद्धी गरी कम्तिमा २५ शैयाको अस्पताल भवन निर्माण, बल्ड बैंक स्थापना, ट्रमा सेन्टर संचालन, मुर्दा घर निर्माण, अस्पतालको फोहोर प्रशोधन केन्द्र लगायतका संरचना निर्माणको सम्भावना रहेकोले हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको साबिक सुन्दरबजार स्वास्थ्य उपचौकीको नाममा ३-०-०-० रोपनी (कि.नं ९३५,९३७ र ९५२) को जग्गा धनी दर्ता प्रमाण पूर्जा रहेको हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका(पहिलो संसोधन)२०७७ अनुसार भवन निर्माणका लागि हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको कि.नं ५५ क्षेत्रफल ७-१-१-० को जग्गा , कि.नं ७४ क्षेत्रफल ५-१४-१-२ को जग्गा र कि.नं २४१ क्षेत्रफल ४८-११-६-१ को जग्गामध्ये २५-०-०-० क्षेत्रफल गरी जम्मा ३७-१५-२-२ प्रयोग गर्दा तोकिएको मापदण्ड अनुसार पर्याप्त जग्गा हुने देखिएको ।

भूमि सम्बन्धी ऐन २०२१ को दफा ५९(क) बमोजिम जग्गा माग गरेको स्थानमा भवन निर्माणका लागि मापदण्ड अनुसारको न्यूनतम समेत क्षेत्रफल पुग्ने सरकारी जग्गा नभएको ।

तोकिएको स्थानमा अस्पताल भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने विषयमा यस नगरपालिकाको पूर्ण समर्थन रहेको । साथै अस्पताल निर्माण पछि लमजुङ, तनहुँ, गोरखा, मनाङ लगायतका छिमेकी जिल्लाहरुका नागरिकहरुले समेत लाभ लिन सक्ने अवस्था रहेको ।

सो जग्गा अस्पताललले प्रयोग गर्दा त्यस वरपरको ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक महत्वका स्थलहरुको मौलिकतामा भविष्यमा पनि कुनै असर नपर्ने विषयको सुनिश्चितता र सो जग्गाको संरक्षणमा नगरपालिका पूर्ण प्रतिवद्ध रही ३० वर्षका लागि निःशुल्क लिजमा जग्गा उपयोग गर्न सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७ को दफा ६ बमोजिमको सिफारिस समितिमा पुन सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ८

यस नगरपालिकामा असिस्टेन्ट सब ईन्जिनियर पदमा कार्यरत किशोर यादवले अध्ययनको लागि असाधारण विदा माग गरेकोमा सुन्दरबजार नगरपालिकाको स्थानीय सेवा संचालन सम्बन्धी ऐन बनीनसकेको हुँदा संघीय निजामती सेवा ऐनको दफा ६२ को उप दफा ३ को खण्ड ख अनुसार निजको माग बमोजिम ३ वर्षको लागि असाधारण विदा स्विकृत गर्ने । साथै विदा सकिए पश्चात निजको माथिल्लो तहमा बढुवा भएको अवस्थामा बाहेक कम्तिमा दुई वर्ष यसै नगरपालिकामा सेवा गर्ने गरी शर्त कायम गर्ने ।

**निर्णय नं ९**

सु.न.पा ९, फुलबारीमा रहेको नेपाली सेनाको फुलबारी क्याम्पको लागि खानेपानी पाइप खरिद वापतको रकम रु १२,०००। (अक्षरेपी बाह्र हजार मात्र) आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं १०**

सु.न.पा ४, सत्रसयमा प्रतिक्षालय निर्माण गर्दा लागेको खर्च रकम रु ३०,०००। (अक्षरेपी तीस हजार मात्र) बिबिध पुँजीगत शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं ११**

सु.न.पा ९, पहिरेमा नवनिर्मित तरकारी तथा फलफुल उपज संकलन केन्द्रमा अर्को व्यवस्था नभए सम्मको लागि वडा नं ९ को वडा कार्यालय संचालन गर्ने साथै उक्त भवनमा गेट र प्रतिक्षालय निर्माणको लागि रु २,००,०००।(अक्षरेपी दुई लाख मात्र) बिबिध पुँजीगत शिर्षकबाट बजेट विनियोजन गर्ने ।

**निर्णय नं १२**

सुन्दरबजार नगरपालिका वडा नं. ७, स्थित बालज्योति आवासीय माध्यमिक विद्यालय साविक जिल्ला शिक्षा कार्यालय, लमजुङबाट अनुमति प्राप्त गरी हाल सम्म कक्षा १० सम्म सञ्चालित भई आएकोमा उक्त विद्यालयले शैक्षिक सत्र २०७९/८० देखि कक्षा ११ सञ्चालन गर्ने अनुमति माग

गरेकाले उक्त विद्यालयलाई शैक्षिक सत्र २०७९/८० देखि कक्षा ११ सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

**निर्णय नं. १३**

सुन्दरबजार नगरपालिकाको नवौं नगर सभाबाट सुन्दरबजार नगरपालिकाको शिक्षा ऐन, २०७५ मा प्रथम संशोधन भई सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति गठनमा फेरबदल भएकाले यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई संशोधित ऐन अनुसार यथाशीघ्र विद्यालय व्यवस्थापन समिति गठन गर्न शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत निर्देशन गर्ने ।

**निर्णय नं. १४**

गत आ.व. २०७८/७९ को वार्षिक कार्यक्रम अन्तर्गत धारापानी सिख्र खण्ड सडक स्तरोन्नती र रिट्ठेखोला तटबन्धन निर्माण कार्य गत आ.व.मा सम्पन्न भई भुक्तानीका लागि सम्बन्धित उपभोक्ता समितिको नाममा तपशिल बमोजिमका चेकहरु तपशिलमा उल्लेख भएको मितिमा काटिएको र सम्बन्धित उपभोक्ता समितिले बुझिलिएकोमा विविध कारणवश उपभोक्ता समितिले चेक सटही गर्न असमर्थ भई चेक सटही मिति गुज्रिसकेको अवस्थामा सो चेकहरु यस कार्यालयमा फिर्ता गरेकोले उक्त चेकहरुको जम्मा रकम रु ३,३९,७४६। (अक्षरेपी तीन लाख उनान्चालिस हजार सात सय छयालिस मात्र) यस न.पा.को सम्बन्धित बैक खातामा नै संचित रहेकोले न.पा द्धारा सम्बन्धित उपभोक्ता समितिलाई बुझाउनु पर्ने रकमको दायित्व यस आ.व.मा सर्न आएकोले सोहि चेकहरु बराबरको रकम यस आ.व २०७९/८० मा गत आ.व. २०७८/७९ मा कार्य सम्पन्न भई विविध कारणबाट भुक्तानी दिन बाँकी योजना/कार्यक्रमको भुक्तानी शिर्षकबाट भुक्तानी दिने ।

तपशिल

| सि.नं | उपभोक्ता समितिको नाम | चेक रकम | चेक नम्बर | चेक काटेको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | धारापानी शिख्र खण्ड सडक स्तरोन्नती | २,४६,००१।०० | ०११९४८५५०४ | २०७९/०३/२६ | |
| २ | रिट्ठेखोला तटबन्धन निर्माण उपभोक्ता समिति | ९३,७४५।०० | ०११९४८७६७९ | २०७९/०३/२६ | |

निर्णय प्रमाणित

निर्णय नं. १५

यस नगरपालिकामा आर्थिक सहयोगको लागि पेश भएका निवेदनहरु मध्ये तपसिल अनुसार आर्थिक सहयोग प्रदान गर्ने ।

तपशिल

| सि.नं | नाम थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सुमित्रा खनाल | सु.न.पा ४ | रु १०,०००। | आर्थिक रुपले विपन्न तथा मुटुरोग |
| २ | धनमाया के.सी. | सु.न.पा ६ | रु ३०,०००। | आर्थिक रुपले विपन्न तथा मुटुरोगको कारण तिर्थ बहादुर के.सी.को मृत्यु भएको |
| ३ | सार्की कामी | सु.न.पा ८ | रु २०,०००। | आर्थिक रुपले विपन्न तथा मुटुरोग |
| ४ | डम्बर बहादुर अछामी | सु.न.पा १ | रु ३०,०००। | छोरी लिला अछामीको अप्रिय घटनाको कारण मृत्यु |

निर्णय नं. १६

**मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८** अनुसार औषधी उपचार बापत प्रति बिरामी मासिक रु ५०००। (अक्षरेपी पाँच हजार मात्र) प्राप्त गर्ने बिरामीहरुलाई सोहि कार्यविधि अनुसार प्राप्त हुने औषधी उपचार खर्च प्राप्त गर्नको लागि निवेदन पेश गर्न सूचना प्रकाशन गर्ने ।

निर्णय प्रमाणित
२०७८।६।२८
दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत